# गोपनीयता चलनहरूको सूचना

यो सूचनाले तपाईं बारे चिकित्सा जानकारी कसरी प्रयोग र खुलासा गर्न सकिन्छ र तपाईंले यो जानकारीमा कसरी पहुँच प्राप्त गर्न सक्नुहुन्छ भन्ने बारे व्याख्या गर्छ। कृपया यसलाई होसियारीका साथ समीक्षा गर्नुहोस्।

## गोपनीयता कार्यकारी जानकारी

214-456-4444
1935 Medical District Dr.
Dallas, Texas 75235
privacy@childrens.com

## तपाईंका अधिकारहरू: जब कुरा तपाईंको स्वास्थ्य जानकारी बारे आउँछ, तपाईंसँग निश्चित अधिकारहरू हुन्छन्।

**आफ्नो चिकित्सा रेकर्डको इलेक्ट्रोनिक वा काजग प्रतिलिपि प्रपात गर्नुहोस्।**

- तपाईंले हामीसँग तपाईं बारे भएको आफ्नो चिकित्सा रेकर्ड र अन्य स्वास्थ्य जानकारीको इलेक्ट्रोनिक वा कागज प्रतिलिपि प्राप्त गर्न अनुरोध गर्न सक्नुहुन्छ। हामीलाई यो कसरी गर्ने भनी सोध्नुहोस्।
- हामी प्राय जसो तपाईंले अनुरोध गर्नुभएको 15 दिनभित्र तपाईंको स्वास्थ्य जानकारीको प्रतिलिपि वा सारांश प्रदान गर्नेछौं। हामी तर्कशील, खर्च-आधारित शुल्क लगाउन सक्छौं।

**हामीलाई तपाईंको चिकित्सा रेकर्ड सच्याउन अनुरोध गर्नुहोस्।**

- तपाईंले हामीलाई आफ्नो बारे स्वास्थ्य जानकारी सच्याउन अनुरोध गर्न सक्नुहुन्छ जुन तपाईंले गलत वा आपूर्ण भनी सोच्नुहुन्छ। हामीलाई यो कसरी गर्ने भनी सोध्नुहोस्।
- हामीले तपाईंको अनुरोधलाई “हुँदैन” भन्न सक्छौं तर हामी 60 दिनभित्र लिखित रूपमा किन भनी बताउनेछौं।

**गोप्य सञ्चारहरू अनुरोध गर्नुहोस्।**

- तपाईंले हामीलाई आफूलाई निश्चित तरिकामा सम्पर्क गर्न (उदाहरणको लागि, गृह वा कार्यालय फोन) वा फरक ठेगानामा पत्र पठाउन अनुरोध गर्न सक्नुहुन्छ।

- हामी सबै तर्कशील अनुरोधहरूमा “हुन्छ” भन्नेछौं।

**हामीले प्रयोग वा साझा गर्ने कुरालाई सीमित गर्न अनुरोध गर्नुहोस्।**

- तपाईंले हामीलाई उपचार, भुक्तानी वा हाम्रा सञ्चालनहरूको लागि निश्चित स्वास्थ्य जानकारी प्रयोग वा साझा गर्न अनुरोध गर्न सक्नुहुन्छ। हामीले तपाईंको अनुरोधमा सहमत गर्न आवश्यक छैन तर यसले तपाईंको स्याहारलाई असर गर्छ भने हामी “हुँदैन” भन्न सक्छौं।
- तपाईंले कुनै सेवा वा स्वास्थ्य स्याहार वस्तुको लागि पाकेट-बाहिरबाट पूर्ण रूपमा भुक्तान गर्नुभयो भने, तपाईंले हामीलाई आफ्नो स्वास्थ्य बीमाकर्तासँग भुक्तानी वा हाम्रा सञ्चालनहरूको उद्देश्यको लागि सो जानकारी साझा नगर्न अनुरोध गर्न सक्नुहुन्छ। कुनै कानूनले हामीलाई त्यो जानकारी साझा गर्न आवश्यक नपरेसम्म हामी “हुन्छ” भन्नेछौं।

**ती मानिसहरूको सूची प्राप्त गर्नुहोस् जोसँग हामीले जानकारी साझा गरेका छौं।**

- तपाईंले हामीले तपाईंको स्वास्थ्य जानकारी कोसँग र किन भनी सोध्नुभएको मितिभन्दा 6 वर्षअघिको लागि हामीले तपाईंको स्वास्थ्य जानकारी साझा गरेको पटकको सूची (लेखा विधि) अनुरोध गर्न सक्नुहुन्छ।
- हामी उपचार, भुक्तानी र स्वास्थ्य स्याहार सञ्चालन र अन्य निश्चित खुलासाहरू (जस्तै तपाईंले हामीलाई गर्न अनुरोध गर्नुभएको कुनै) बारे बाहेक सबै खुलासाहरू समावेश गर्नेछौं। हामी वर्षमा एउटा लेखा विधि नि:शुल्क प्रदान गर्नेछौं तर तपाईंले 12 महिनाभित्र अर्को अनुरोध गर्नुभएको छ भने हामी तपाईंलाई तर्कशील, खर्च-आधारित शुल्क गाउनेछौं।

**यो गोपनीयता सूचीको प्रतिलिपि प्राप्त गर्नुहोस्।**

- तपाईंले इलेक्ट्रोनिक रूपमा सूचना प्राप्त गर्न सहमत हुनुभएता पनि तपाईंले कुनै पनि समय यो सूचनाको कागजी प्रतिलिपि अनुरोध गर्न सक्नुहुन्छ। हामी तपाईंलाई तुरुन्तै कागजी प्रतिलिपि प्रदान गर्नेछौं।

**तपाईंको पक्षमा कार्य गर्नको लागि कसैलाई छनोट गर्नुहोस्।**

- तपाईंले कसैलाई वकिको चिकित्सकीय शक्ति दिनुभएको छ वा कोही मानिस तपाईंको कानूनी अभिभावक हुनुहुन्छ भने, सो व्यक्तिले तपाईंका अधिकारहरू प्रयोग गर्न र तपाईंको स्वास्थ्य जानकारी बारे रोजाइहरू गर्न सक्छन्।
- हामी यो मानिससँग अधिकार छ र हामीले कुनै कार्य गर्नुअघि तपाईंको पक्षमा काम गर्न सक्छ भनी निश्चय गर्नेछौं।

## तपाईंका रोजाइहरू: निश्चित स्वास्थ्य जानकारीको लागि, तपाईंले हामीलाई हामीले साझा गर्ने कुरा बारे आफ्ना रोजाइहरू बताउन सक्नुहुन्छ।

**यी मामिलाहरूमा, तपाईंले हामीलाई निम्न गर्नको लागि दुवै अधिकार रोजाइ छ:**

- तपाईंको मामिलामा संलग्न तपाईंको परिवार, नजिकका साथी वा अरूहरूसँग जानकारी साझा गर्न।
- आकस्मिक राहत अवस्थामा जानकारी साझा गर्नुहोस्।
- अस्पताल डाइरेक्टोरीमा आफ्नो जानकारी सामवेश गर्नुहोस्।

तपाईंले आफ्नो प्राथमिकता बताउन सक्षम हुनुहुन्न भने, उदाहरणको लागि, तपाईं बेहोस हुनुहुन्छ भने, तपाईंको लागि उत्कृष्ट हुनेछ भनी हामीलाई विश्वास लागेमा हामी तपाईंको जानकारी साझा गर्न सक्छौं। हामीले स्वास्थ्य वा सुरक्षामा गम्भीर र सन्निकट जोखिम कम गर्नको लागि आवश्यक पर्दा तपाईंको जानकारी साझा गर्न पनि सक्छौं।

**यी मामिलाहरूमा, तपाईंले हामीलाई लिखित अनुमति नदिएसम्म हामी तपाईंको जानकारी कहिले पनि साझा गर्दैनौं:**

- मार्केटिङ उद्देश्यहरू।
- तपाईंको जानकारीको बिक्री।
- मनचिकित्सा नोटहरूको प्राय साझेदारी।

तपाईंले आफ्नो प्राथमिकता बताउन सक्षम हुनुहुन्न भने, उदाहरणको लागि, तपाईं बेहोस हुनुहुन्छ भने, तपाईंको लागि उत्कृष्ट हुनेछ भनी हामीलाई विश्वास लागेमा हामी तपाईंको जानकारी साझा गर्न सक्छौं। हामीले स्वास्थ्य वा सुरक्षामा गम्भीर र सन्निकट जोखिम कम गर्नको लागि आवश्यक पर्दा तपाईंको जानकारी साझा गर्न पनि सक्छौं।

**कोष सङ्कलनको मामिलामा:**

- हामी तपाईंलाई कोष सङ्कलन प्रयासहरूको लागि सम्पर्क गर्न सक्छौं तर तपाईंले हामीलाई फेरि सम्पर्क गर्न बताउन सक्नुहुन्छ।

## हाम्रा प्रयोग र खुलासाहरू: हामी तपाईंको स्वास्थ्य जानकारीलाई प्राय जसो निम्न तरिकाहरूमा प्रयोग वा साझा गर्छौं।

**तपाईंलाई उचार गर्न:**

- हामी तपाईमको स्वास्थ्य जानकारी प्रयोग गर्न र तपाईंलाई उपचार गरिरहेका अन्य पेशावरहरूसँग साझा गर्न सक्छौं।

**हाम्रो संस्था सञ्चालन गर्न:**

- हामी हाम्रो डाक्टरी सञ्चालन गर्न, तपाईंको स्याहार सुधार्न र आवश्यक पर्दा तपाईंलाई सम्पर्क गर्नको लागि प्रयोग र साझा गर्न सक्छौं।

**तपाईंका सेवाहरूका लागि बिल गर्न:**

- हामी स्वास्थ्य योजना वा अन्य तत्वहरूलाई बिल गर्न र भुक्तानी प्राप्त गर्नलाई तपाईंको स्वास्थ्य जानकारी प्रयोग र साझा गर्न सक्छौं।

**सार्वजनिक स्वास्थ्य र सुरक्षा समस्याहरू:**

- हामी निश्चित अवस्थाहरूका लागि तपाईं बारे स्वास्थ्य जानकारी साझा गर्न सक्छौं:
    - रोग रोकथाम गर्न।
    - उत्पादन खण्डणमा मदद गर्न।

    - औषधीहरूमा विपरित प्रक्रियाहरू रिपोर्ट गर्न।
    - शंका गरिएको दुरुपयोग, बेवास्ता वा घरेलु हिंसा रिपोर्ट गर्न।
    - कसैको स्वास्थ्य वा सुरक्षामा गम्भीर जोखिम रोकथाम गर्न वा कम गर्न।

**थप जानकारीको लागि** U.S. Department of Health & Human Services **साइटमा जानुहोस।**

**हाम्रो संस्था सञ्चालन गर्न:**

- हामी हाम्रो डाक्टरी सञ्चालन गर्न, तपाईंको स्याहार सुधार्न र आवश्यक पर्दा तपाईंलाई सम्पर्क गर्नको लागि प्रयोग र साझा गर्न सक्छौं।

**अन्वेषण गर्न:**

- हामी स्वास्थ्य अन्वेषणको लागि तपाईंको जानकारी प्रयोग वा साझा गर्न सक्छौं।

**कानूनको पालना गर्न:**

- हामी संघीय गोपनीयता कानून पालना गरिरहेका छौं भनी हेर्न चाहन्छ भने Department of Health and Human Services सहित, राज्य वा संघीय कानूनहरूलाई आवश्यक परेमा हामी तपाईं बारे जानकारी साझा गर्नेछौं।

**इन्द्रीय र तन्तु अनुदान अनुरोधहरूमा प्रतिक्रिया गर्न:**

- हामी इन्द्रीयत प्रबन्ध संस्थाहरूसँग तपाईं बारे स्वास्थ्य जानकारी साझा गर्न सक्छौं।

**चिकित्सा परीक्षक वा क्रियाकर्म निर्देशकसँग काम गर्न:**

- कुनै व्यक्तिको मृत्यु हुँदा हामी कोरोनर, चिकित्सा परीक्षक वा क्रियाकर्म निर्देशकसँग स्वास्थ्य जानकारी साझा गर्न सक्छौं।

**कामदारको भत्ता, कानूनको लागू र अन्य सरकारी अनुरोधहरूलाई सम्बोधन गर्न:**

- हामी तपाईं बारे स्वास्थ्य जानकारी प्रयोग वा साझा गर्न सक्छौं:
    - कामदारको भत्ता दावीहरूको लागि।
    - कानून लागू उद्देश्यहरूका लागि वा कानून लागू कर्मचारीका साथ।

- कानूनद्वारा अधिकृत गरिएका क्रियाकलापहरूका लागि स्वास्थ्य समीक्षा एजेन्सीहरू।
- सैनिक, राष्ट्रिय सुरक्षा र राष्ट्रपतिको सुरक्षा सेवाहरू जस्ता विशेष सरकारी प्रकार्यहरूका लागि।

**मुद्दा र कानूनी कार्यहरूमा प्रतिक्रिया:**

- हामी अदालत वा प्रशासनिक आदेशको प्रतिक्रिया वा उपस्थिति-पत्रको प्रतिक्रियामा तपाईं बारे स्वास्थ्य जानकारी साझा गर्न सक्छौं।

**स्वास्थ्य स्याहार कामदाहरूलाई तालिम दिन मद्दत गर्ने:**

- हामी चिकित्सा र नर्सिङ विद्यार्थी, निवासी र मानिसहरूहरू जस्ता स्वास्थ्य स्याहार पेशावरहरूलाई मद्दत गर्नको लागि तपाईंको स्वास्थ्य जानकारी प्रयोग र साझा गर्न सक्छौं।

**थप जानकारीको लागि U.S. Department of Health & Human Services साइटमा जानुहोस्।**

## हाम्रा जिम्मेवारीहरू

- हामीलाई कानूनद्वारा तपाईंको सुरक्षित स्वास्थ्य जानकारीको गोपनीयता र सुरक्षा कायम राख्न आवश्यक छ।
- तपाईंको जानकारीको गोपनीयता वा सुरक्षालाई खुलासा गर्न सक्ने उल्लङ्घन भएमा हामी तपाईंलाई तुरुन्त थाहा दिनेछौं।
- हामीले यस सूचनामा व्याख्या गरिएका कर्तव्य र गोपनीयता चलनहरू पालना गर्न अनिवार्य छ।
- तपाईंले हामीलाई लिखित रूपमा नबताएसम्म यहाँ व्याख्या गरे बाहेक हामी तपाईंको जानकारी प्रयोग वा साझा गर्नेछैनौं। तपाईंले हामीलाई सो गर्न सक्नुहुन्छ भनी बताउनुभयो भने, तपाईंले कुनै पनि समय आफ्नो विचार परिवर्तन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो विचार परिवर्तन गर्नुभयो भने हामीलाई लिखित रूपमा बताउनुहोस्।

यो गोपनीयता चलनहरूको सूचनाले Children’s Health, यसका कर्मचारी, चिकित्सा/दन्त कर्मचारी, स्वयंसेवक, विद्यार्थी, तालिमप्राप्त मानिस र सबै सुविधा भवन, विभाग र चिकित्सालयहरूले अरूहरूलाई तपाईंको सुरक्षित स्वास्थ्य जानकारी (PHI) कसरी प्रयोग गर्न र प्रदान गर्न सक्छन् भनी व्याख्या गर्छ र तपाईंको PHI मा पहुँच र नियन्त्रणलाई तपाईंका अधिकारहरू बारे व्याख्या गर्छ।

Children’s Health भनेको सम्बन्धित कभर गरिएका तत्वहरू सहित स्वास्थ्य स्याहार संस्थाहरूको सङ्ग्रह हो। Children’s Health लागूयोग्य संघीय र राज्य कानूनहरूसँग सहमत हुन्छ र जाति, रङ, लिङ्ग, उमेर, धर्म, राष्ट्रिय मूल वा अपाङ्गताको आधारमा भेदभाव गर्दैन।

Organized Health Care Arrangement (OHCA) हुनाले एकीकृत स्याहार, उपयोग समीक्षा, गुणस्तर निर्धारण र सुधार क्रियाकलाप वा Organized Health Care Arrangement सहभागीहरूले स्वास्थ्य स्याहार वितरण गर्ने आर्थिक जोखिम साझा गर्छ भने भुक्तानी क्रियाकलापहरू प्रदान गर्ने जस्ता क्रियाकलापहरूको लागि कभर गरिएका तत्वहरूभरि छुट्टै कभर गरिएका तत्वहरूलाई PHI साझा गर्न अनुमति दिन्छ।

**यस सूचनाका सर्तहरूमा परिवर्तनहरू**

हामी यस सूचनाका सर्तहरूमा परिवर्तन गर्न सक्छौं र परिवर्तनहरू हामीसँग तपाईं बारे भएका सबै जानकारीमा लागू हुनेछ। नयाँ सूचना अनुरोध गरे बापत हाम्रा सुविधा भवन र हाम्रो वेब साइटमा उपलब्ध हुनेछन्।

**तपाईंका अधिकारहरू उल्लङ्घन भएका छन् भनी महसुस भएका गुनासो फाइल गर्नुहोस्:**

- तपाईंले तलको जानकारी प्रयोग गरी हामीलाई सम्पर्क गर्दै हामीले तपाईंका अधिकारहरू उल्लङ्घन गरेका छौं भनी महसुस भएमा तपाईंले गुनासो गर्न सक्नुहुन्छ।
- तपाईंले 200 Independence Avenue, S.W., Washington, D.C. 20201 मा पत्र पठाएर, 1-877-696-6775,मा कल गरी, वाU.S. Department of Health & Human Services साइट मा गएर U.S. Department of Health and Human Services Office for Civil Rights मा गुनासो फाइल गर्न सक्नुहुन्छ।
- हामी गुनासो फाइल गर्नुभएकोमा तपाईं विरुद्ध प्रतिहिंसा गर्नेछैनौं।

# अन्य कभर गरिएका तत्त्वहरूसँग प्रबन्धहरू

## सम्बन्धित कभर गरिएका तत्वहरू

- Anesthesiologists for Children
- Children's Health Clinical Operations
  - d/b/a Children's Medical Center of Dallas
  - d/b/a Children's Medical Center Plano
- Children's Medical Center Health Plan
- CHSR, LLC
- Complex Care Medical Services Corporation
- Dallas Physician Medical Services for Children
- OCH Holdings (Our Children's House)
- Pediatric Imaging Associates, LLC.
- Pediatric Partners
- Physicians for Children
- Physicians Quality Alliance of North Texas
- Texas Bluebonnet Insurance Company

## आयोजित स्वास्थ्य स्याहार प्रबन्धहरू

Children's Health System of Texas ले आयोजित स्वास्थ्य स्याहार प्रबन्धहरूको भागको रूपमा तपाईंको सुरक्षित स्वास्थ्य जानकारी साझा गर्ने अन्य कभर गरिएका तत्वहरूको सूची।

- University of Texas Southwestern Medical Center
- Familia Care, Inc. d/b/a MD Medical Group and TopCare Medical Group, Inc.